नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ९१ | २०७७ साल कात्तिक १९ गते बुधबार (4 Nov. 2020 Wednesday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : डोमः बाँस, बेत र ... ३ पृष्ठमा : एन्टिवडी परीक्षणका लागि ... ३ पृष्ठमा : अमेरिकामा राष्ट्रपति ...

## बालक मृत्यु प्रकरणमा गजेन्द्र नारायण सिंह अस्पतालका एक नर्स कारवाहीमा

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजले बालकको मृत्यु भएको प्रसङ्गमा एक नर्सिङ्ग स्टाफलाई कारवाही गरेको छ ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रंजित कुमार झाद्वारा मंगलबार जारि विज्ञप्तिमा अस्पतालमा कार्यरत नर्सिङ्ग स्टाफ संगिता रजकलाई कारवाही गरेको जनाइएको छ ।

मेसु झाको अध्यक्षता सोमवार सम्पन्न बैठकले स्टाफ रजकले अस्पतालमा बिरामीको शरिरको तापक्रम आफै मापन नगरेर बिरामीका कुरूवालाई तापक्रम लिन लगाएको तथा डियुटीमा स्टेशनमा नरहेको हुनाले १५ दिनका लागि निलम्बन गरेको जनाइएको छ ।

यता कारवाहीका लागि राजबिराज वडा नं. ५ निवासी पंकज कुमार सरकारको श्रीमति मौसमी सरकार गर्भवति भएको वेला डियुटीमा रहेका नर्सिङ्ग स्टाफको लापरवाहीका कारण बच्चालाई धरान लान बाध्य भएकोले अस्पतामा निवेदन दर्ता गराएको बमोजिम रजकलाई कारवाही गरेको विज्ञप्तिमा उल्लेख छ ।

बैठकमा मेसु डा. झाले गाईनो बिभागले प्रत्येक शल्यक्रिया गर्ने बेला स्त्रीरोग बिशेषज्ञ सल्लाह लिने, बच्चा जन्मेपछि डिस्चार्ज गर्नु अगाडी डाक्टरलाई सम्पर्क गरेर मात्र डिस्चार्ज गर्ने तथा डियुटीको समयमा बिरामीका कुरूवालाई झर्केर जवाफ नदिने, भाईटलस आफै लिने, चिकित्सकलाई समयमा जानकारी गराई राउन्ड लिनको लागि आग्रह गर्ने, आफ्नो डियुटी स्टेशनमा बस्ने तथा कर्मचारीले पालन गर्नुपर्ने आचरण अनिवार्य रूपमा पालना गर्ने सम्पुर्ण अस्पतालका कर्मचारीलाई निर्देशन दिएका छन् ।

सोही बैठकले भविष्यमा यस्ता किसिमको गल्ति दोहोरिएको खण्डमा करार सेवा रद्द गर्ने निर्णय समेत गरिएको जनाइएको छ ।

गत असोज २९ गते राजविराज नगरपालिका वडा नं. ५ निवासी पंकज सरकारकी श्रीमती मौसमी सरकार गर्भवति भई सोही अस्पतालमा भर्ना भएकी थिइन् । त्यसको भोलिपल्ट असोज ३० गते उनको शल्यक्रिया गरि बच्चा जन्मे पश्चात् अस्पतालका कर्मचारीको लापरवाहीका कारण बच्चाको मृत्यु भएको भन्दै पीडित पक्षले कात्तिक ५ गते दोषिमाथी कारवाहीको माँग गर्दै अस्पतालमा निवेदन दर्ता गराएका थिए ।

## सप्तरीमा थप दुई जनाको कोरोना संक्रमणबाट मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सप्तरी थप दुईजना पुरुषको कोरोना संक्रमणबाट मृत्यु भएको छ । योसँगै जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या २७ पुगेको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका

***बाँकी अन्तिम पृष्ठमा***

## हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

**स्व. गुलाबदेवी यादव**

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष तथा जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ मलेठका शेयर सदस्य श्री शम्भु प्रसाद यादव (लाली) की ममतामयी माता श्रीमति **गुलावदेवी यादव**को २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्भ भएका छौ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जनज्योती कृषि सहकारी संस्था लिमिटेड परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

## नेकपा सत्तामा पुगेपछि जनताको मुद्दा कोशीमा विसर्जन गऱ्यो : प्रदेश मन्त्री सोनल



**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

प्रदेश २ का भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनलले नेकपा सत्तामा पुगेपछि जनताको मुद्दा कोशीमा विसर्जन गरेको आरोप लगाए छन् ।

सप्तरीमा निर्माण भइरहेको विभिन्न विकास निर्माणका आयोजनाहरुको अनुगमन गर्ने क्रममा मन्त्री सोनलले माओवादीद्वारा उठाइएको जातीय मुक्तिको कुरा पनि सत्तामा पुगेपछि विसर्जन भएको आरोप लगाए ।

नेपाली कांग्रेस र नेकपा दुबै पार्टीबाट जनताको समस्या समाधान नहुने भएकोले मुक्तिका लागि जनता समाजवादी पार्टी उपयुक्त रहेको मन्त्री सोनलको दाबी छ ।

उनले नेकपाको आन्तरिक विवादका कारण देश अनिर्णयको बन्दी बन्दै गएको आरोप लगाउँदै अब आफ्नो लडाई आफै लड्नु पर्ने बताए ।

संघीय सरकारको असहयोगका कारण प्रदेश २ सरकारले पनि जनताको अपेक्षा बमोजिम धेरै काम गर्न नसकेको स्वीकार गर्दै मन्त्री सोनलले संघीय सरकारले बजेट र कर्मचारीमा समेत असहयोग गरेको आरोप लगाए ।

सोही क्रममा सप्तरी जिल्लाको कंचनरुप नगरपालिकामा रहेको थारु संग्राहलय विकासका लागि मन्त्री सोनलको ध्यानाकषर्ण गराइएको छ । सप्तरीका थारु अगुवाहरुले संग्राहलयको विकास गर्न आवश्यक रहेकोले पूर्वाधार निर्माणमा सहयोग गर्न ज्ञापन पत्र बुझाएका छन् ।

सो अवसरमा राष्ट्रिय सभा सदस्य तथा जसपाका केन्द्रिय सदस्य मृगेन्द्र कुमार सिंह यादव, जसपा केन्द्रिय सदस्य राजकुमार लेखी, जिसस प्रमुख तथा जसपा नेपालका केन्द्रिय सदस्य प्रभाकर यादब, केन्द्रिय सदस्य गजेन्द्र कुमार मण्डल लगायतको उपस्थिती रहेको थियो ।

## हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

**स्व. गुलाबदेवी यादव**

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्भ भएको छु । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**गजेन्द्र कुमार मण्डल**
**केन्द्रिय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

## सम्पादकीय

# हुलाकी सडक निर्माण कार्यमा तिब्रता आवश्यक

सप्तरी जिल्लामा विकासीय कार्यले तिब्रता लिएपनि समयमै ती कार्यहरु सम्पन्न हुन नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परेको छ । जिल्लाको मात्र नभएर समस्त तराई मधेशको विकास तथा राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिइएको हुलाकी राजर्मागमा विगत दुई वर्ष भन्दा बढी समयदेखी कार्य भइरहेको छ । तर, हालसम्म पनि अधिकांश स्थानको सडकहरु बेहाल अवस्थामा रहेको छ । सडक निर्माणका लागि ठेक्का पाएका ठेक्केदारको लापरवाहीका कारण सप्तरीमा रहेका हुलाकी राजमार्गमा हाल माटो थुपारिएका कारण आवतजावत गर्न निकै कठिनाई भइरहेको छ ।

कुनै पनि हलुका सवारी साधन गुड्दा सडक धुलोमय हुने गरेकोले त्यसले स्वाश्प्रश्वासमा समेत समस्या आउने गरेको स्थानियहरुले गुनासो पोख्ने गरेका छन् । यसरी स्वास्थ्यमा आउने समस्या समेतलाई ध्यानमा राखेर ती ठेकेदार कम्पनी सडक निर्माणलाई तिब्रता दिन सक्नु पर्दछ । यसरी कुनै पनि कार्य गर्दा समयमै सम्पन्न गर्ने परिपाटी बसाल्नु पर्छ । तर, यस्ता कार्यलाई सरकारीस्तरबाट समेत निगरानी हुन नसक्दा जनताले सास्ती व्यहोर्नु परेको अवस्था छ ।

तसर्थ राष्ट्रिय गौरवका कुनै आयोजनालाई समयमै सम्पन्न गर्नेतर्फ सम्बन्धीत निकायका साथ साथै स्थानिय पालिका र जनता समेतले आवाज उठाउनु पर्ने आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डोमः बाँस, बेत र डालाको जीवन

जलेश्वर, १८ कात्तिक (रासस) ।

भनिन्छ ! दुखियाको हाँसोमा ईश्वरको बास हुन्छ । यस कुरालाई डालो, नाङ्लो र टपरी बनाउन जुटेको महोत्तरीको डोम समुदायले चरितार्थ गरेको छ । अधिकांश तराईवासी हिन्दू धर्मालवम्बीको प्रमुख पर्व छठपर्वको दुई साता मात्रै बाँकी रहेका बेला सधैँ खान, लाउन धौधौ पर्ने डोम जातिको मुहारमा पनि हाँसो र मनमा उल्लास छाएको छ । गरीबी र विपन्नताको जाँतोमा पिल्सिएर वर्षौंभरि गाउँगाउँमा सुँगुर डोऱ्याएर चहार्ने डोम समुदायलाई अहिले छठ नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टपरी बनाउन भ्याइनभ्याइ भएको छ ।

गाँस, बास र कपासकै जोरजाममा पुस्तौंसम्म हम्मेहम्मे पर्ने गरेको डोमले छठपर्व आउनासाथ कात्तिक महिनाभरि आफ्ना जीवनका हरेक दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने सौभाग्य प्राप्त भएको मनरासिस्वा नगरपालिकाका ५५ वर्षीय राजहदेव डोमले बताउनुभयो । गाउँ, शहरमा हुने भोजभतेरबाट जुठोसमेत ल्याएर सपरिवार खाने गरेको डोमले कात्तिकमा नानाथरीका परिकार पकाएर खाने गरेको सोही ठाउँकी ६० वर्षीया देवनी डोमिनले बताउनुभयो । डालो बुन्दै गर्नुभएका गौशाला नगरपालिकाकी ६५ वर्षीया मरनी डोमिनले गहभरि आँशु लिएर भन्नुभयो, "मालिक, कात्तिक लाग्नेबितिक्कै घरका बच्चादेखि बूढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म डालो, नाङ्गो र टालुटपरी बनाउनमा तल्लीन हुन्छौँ, बजारमा बेच्दा मनग्य आम्दानी हुने भएकाले हामी निकै खुशी हुन्छौँ ।" वर्षभरि काम नचल्नाले भने फेरि केही दिनपछि दुःख थपिन्छ ।

प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाट बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिनुपर्ने भएकाले प्रत्येक परिवारले बाँसका पाँचसात भाडाकुँडा किन्नुपर्छ ।

छठपर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको विश्वास सम्सी गाउँपालिकाका ६० वर्षीय बुधवा डोमले व्यक्त गर्नुभयो । आफूहरूले सोही कारण दिनरात बर्तालुका निम्ति बाँसका भाँडा बनाउने गरेको उहाँले सुनाउनुभयो ।

त्यस्तै जिल्ला सदरमुकाम जलेश्वर नगरपालिकाका रामजी डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिकभरिमा वर्षभरिकै सबै कर्जा ऋण चुक्ता गरेर आउने छौँ महिनाको खर्चबर्चको जोहो गर्न जति कमाइ हुने गरेको बताउनुभयो ।

भङ्गहा नगरपालिकाका भरोसिया डोमले घरका बालकदेखि बूढासम्मले डालो नाङ्लो बेचेर प्रतिव्यक्ति रु ४०/४५ देखि ६०/६५ हजार र प्रत्येक परिवारले रु तीन/चार लाखको हाराहारीमा आम्दानी गर्ने गरेको बताउनुभयो । अहिले जिल्लाको प्रत्येक पालिकाका गाउँगाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएको छ । परिवारका सबै बाँस र बेतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन् ।

हरेक वर्ष छठपर्व मनाउने वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन डोम जातिलाई सकस भएको छ । डोम परिवारलाई ती सामग्री बनाउन अहिलेदेखि भ्याइनभ्याइ भएको छ । पछिल्ला केही वर्षदेखि तराईमा मात्रै नभएर देशको राजधानी काठमाडौँसहित पोखरा, हेटौँडाजस्ता पहाडी क्षेत्रमा पनि छठपर्व मनाउन थालिएकाले तराईबाट बाँस र बेतबाट तयार भएका भाँडाकुँडा निर्यात हुने अवस्था पनि सिर्जना भएको छ ।

# तत्काल नआउने भयो बंगलादेशबाट रासायनिक मल

काठमाडौँ, १८ कात्तिक (रासस) ।

धान रोप्ने समयमा नेपालमा मल अभाव भएपछि आवश्यकता परिपूर्ति गर्न सरकारले सापटी रूपमा बंगलादेशबाट ल्याउने तयारी गरेको ५० हजार मेट्रिक टन युरिया मल तत्काल नआउने भएको छ । गत भदौ दोस्रो साता दुई देशका सरकारप्रमुखबीच भएको टेलिफोन कुराकानीमा मौखिक सहमति भए पनि अझै समझदारीपत्रमा हस्ताक्षर हुन सकेको छैन् । मौखिक सहमति भएको दुई महिना बितिसक्दासमेत प्रक्रिया नटुगिङ्दा गहुँमा हाल्न मल अभाव हुने सम्भावना देखिएको जानकार बताउँछन् ।

गहुँ लगाउने समयका लागि रासायनिक मल ल्याउने तयारी भए पनि अझै समय लाग्ने देखिएको कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता डा हरिबहादुर केसी बताउनुहुन्छ । उहाँका अनुसार अब केही दिनमा दुई देशका कम्पनीबीच मल खरीद सम्झौतामा हस्ताक्षरको तयारी भएको छ । हस्ताक्षर भएपछि खरीदका लागि मन्त्रिपरिषद् बैठकको अनुमतिसँगै प्रक्रिया शुरु हुनेछ ।

कात्तिक महिनामा मल खरीदको सम्झौतामा हस्ताक्षर गरेर मङ्सिर पहिलो सातादेखि ढुवानी हुने विश्वास गरिएको छ । अनुमानअनुसार सरासर काम भएमा मङ्सिर दोस्रो सातादेखि नेपालमा रासायनिक मल भित्रन्छ । "हामीले शुरुमा रासायनिक मल खरीद गर्ने तयारी गरेका थियौँ, बङ्गलादेश सरकारको खरीद वा सापटीको निर्णय स्पष्ट नहुँदा समय लाग्यो, बङ्गलादेशबाट खरीद गरी ल्याउने तयारी गरेर हामीले प्रस्ताव पठायौँ । उताबाट खरीद प्रचलन नभएकाले पैँचो अर्थात् सापटीमा मात्र दिने गरी जवाफ आयो", उहाँले भन्नुभयो, "सापटीस्वरुप नै ल्याउने भनेर हामीले ढुवानीका लागि अन्तरराष्ट्रिय बोलपत्र आह्वानसमेत गऱ्यौँ । बोलपत्र आह्वान भएर कम्पनी छनोट भएपछि पुनः उताबाट रासायनिक मल सापटीमा नभएर खरीद गर्ने भनेर पत्र आयो । उताबाट स्पष्ट जानकारी नआउँदा समय लाग्ने भयो ।"

उहाँका अनुसार बङ्गलादेशबाट निर्णय नआउँदा बोलपत्रमार्फत ढुवानीका लागि छनोट गरिएको कम्पनीसँग सम्झौता गर्नसमेत अन्योल भएको छ । कृषि मन्त्रालयले मल खरीदको जिम्मा कृषि सामग्री कम्पनीलाई दिएको छ । कम्पनीले ढुवानीका लागि १५ दिनको समय राखेर गत असोज ३ गते अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । कृषि कम्पनीले बोलपत्र प्रक्रियामार्फत मल ढुवानी गर्न संयुक्त अरब इमिरेट्सको जेन्ट्रेड एफजेडएफ कम्पनीलाई जिम्मा दिएको छ । पाँच कम्पनीको आवेदन परेकामा जेन्ट्रेडले सबैभन्दा कम मूल्यमा ढुवानी गर्ने प्रस्ताव गरेको थियो । कृषि कम्पनी र जेन्ट्रेडबीच भएको सम्झौतामा ६० दिनभित्र ल्याइसक्नुपर्ने उल्लेख भए पनि प्रक्रियामा ढिलाइ हुँदा समस्या भएको बताइएको छ ।

# ढिस्कोमा परी महिलाको मृत्यु

जनकपुरधाम, १८ कातिक (रासस) ।

धनुषाको बटेश्वर गाउँपालिका वडा नं ४ मा माटोको ढिस्कोले पुर्दा एक महिलाको मृत्यु भएको छ । प्रहरी चौकी बटेश्वरका अनुसार मंगलबार बिहान माटोको ढिस्कोमा परी ३५ वर्षीय सुनिता देवी रविदाको मृत्यु भएको छ भने दुई जना गम्भीर घाइते भएका छन् ।

घाइते हुनेमा १४ वर्षीया मधुकुमारी ठाकुर र सोही उमेरका रिना देवी ठाकुर रहेकी छिन् । गम्भीर घाइतेको प्रादेशिक अस्पाल जनकपुरमा उपचार भइरहेको जनाइएको छ । दीपावलीका लागि घर लिपपोत गर्नका खेतमा माटो लिने क्रममा ढिस्को खस्दा च्यापिएर सुनिता देवीको मृत्यु भएको बताइएको छ ।

सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# एन्टिवडी परीक्षणका लागि नमूना संकलन

काठमाडौँ, १८ कात्तिक (रासस)।

समुदास्तरमा कोरोना भाइरस (कोभिड- १९) को संक्रमण फैलिएकोबारे एन्टिवडी परीक्षणका लागि नमूना संकलन गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले विश्व स्वास्थ्य संगठनका सहयोगमा सातवटै प्रदेशमा नमूना संकलन गरेको हो।

महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले सङ्कलन गरिएको रगतको नमूना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिने बताउनुभयो। "सातवटै प्रदेशमा विभिन्न समुदाय र समूहका मानिसको नमूना संकलन गरिएको छ", उहाँले भन्नुभयो, "अव चाँडै नै परीक्षण गरेर संक्रमणको अवस्था पत्ता लगाइने छ।"

उहाँले परीक्षणका लागि चाहिने रिएजेन्ट आउने ढिलाइ भएकाले परीक्षण अर्को हप्ता मात्र गरिने बताउनुभयो। परीक्षण गरेको एक हप्तामा नै नतिजा आउने उहाँको भनाइ छ। सरकारले कोभिड–१९ को संक्रमण समुदायस्तरमा फैलिएको छ वा छैन भन्नका लागि अवस्थाबारे एन्टिवडी परीक्षण गरेर 'सेरो प्रिभिलेन्स' सर्वेक्षण गर्न थालेको हो।

नेपाल अहिले संक्रमणको दोस्रो चरणमा रहेको मानिएको छ। नमूना परीक्षण गरेपछि नेपालमा कुन तहमा संक्रमण फैलिएको भन्ने पत्ता लाग्नेछ। संक्रमित भएको व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण सर्नुलाई दोस्रो चरण मानिन्छ। संक्रमणको तेस्रो चरण भनेको समुदायमा संक्रमण फैलिएको भन्ने हुन्छ । नेपालमा कुनै खासखास ठाउँमा (क्लस्टर) मा संक्रमण फैलिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

नेपालमा पहिलो पटक गत माघ १० गते नेपालमा पहिलो संक्रमण देखिएको थियो। नेपालमा अहिलेसम्म एक लाख ७६ हजार ५०० संक्रमित फेला परिसकेका छन्।

महाशाखाले एन्टिवडी परीक्षणका लागि प्रत्येक प्रदेशमा छ समूह परिचालन गरेको छ। महाशाखाका जनस्वास्थ्य अधिकृत रामकुमार महतोले प्रत्येक प्रदेशका ३० वटामा रहेका मानिसको रगतको नमूना संकलन गरिएको बताउनुभयो। उहाँका अनुसार एक वडामा १५ जनाको दरले नमूना संकलन गरिएको छ।

प्रत्येक प्रदेशमा ४५० जनाको दरले तीन हजार १७० जनाको नमूना सकलन गरिएको छ। नमूना संकलन गरिएकामा बच्चा, वृद्धा, महिला, युवालगायत विभिन्न उमेर समूह र समूहका ट्राभल हिस्ट्री भएका र नभएका मानिस तथा संक्रमित भएका र नभएका रहेका छन्।

## काँग्रेसले तीन दिनसम्म झण्डा आधा झुकाउने

काठमाडौँ, १८ कात्तिक (रासस)।

नेपाली काँग्रेसले पार्टीका आमन्त्रित केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य सूर्यबहादुर केसीको निधनप्रति दुःख व्यक्त गर्दै उहाँको सम्मानमा तीन दिनसम्म पार्टीको झण्डा आधा झुकाउने भएको छ।

काँग्रेस केन्द्रीय कार्यसमितिको मंगलबार बसेको आकस्मिक बैठकले सांसद केसीको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै विभिन्न शोक प्रस्ताव पारित गरेको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। सांसद एवं प्रतिष्ठित उद्योगपति केसीको यही कात्तिक १७ गते राति पोखरा महानगरपालिका-७ स्थित आफ्नै निवासमा निधन भएको हो।

बैठकले कार्तिक १८, १९ र २० गते तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयहरुमा पार्टीको झण्डा आधा झुकाउने, कात्तिक १९ गते केन्द्र तथा जिल्लाका सबै कार्यालयहरु बन्द गर्ने र स्वर्गारोहणको १३ औं दिनसम्म केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयमा शोकपुस्तिका राख्ने निर्णय गरेको छ।

बैठकमा स्व केसीप्रति श्रद्धाञ्जलि अर्पण गर्नका लागि एक मिनेट मौनधारण गरिएको थियो। बैठकले उहाँको आत्माको चीर शान्तिको कामनाका गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ। स्व केसीले नेपालको उद्योग वाणिज्य तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु भएको थियो। पिता कीर्तिबहादुर र माता पदमकुमारीको ज्येष्ठ सुपुत्रको रुपमा २०1४ जेठ १० गते जन्मनु भएका केसी २०७४ को निर्वाचनमा समानुपातिक प्रणालीअन्तर्गत काँग्रेसका तर्फबाट प्रनिनिधिसभा सदस्य हुनुभएको थियो।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

### अमेरिकामा राष्ट्रपति चयनका लागि मतदान शुरु, झण्डै सात करोडले हुलाकमार्फत् मतदान

वासिङ्टन, १८ कात्तिक (रासस/एपी/एएनआई)।

विश्व शक्तिराष्ट्र अमेरिकामा मंगलबार नयाँ राष्ट्रपति चयनका लागि मतदान सुरु भएको छ। अमेरिकाको न्यु ह्याम्सायरको डिक्सभील नोच र मिल्सफील्डबाट मतदान शुरु गर्ने परम्पराअनुसार त्यस ठाउँमा मतदान भइसकेको हो। नेपाली समयअनुसार मङ्गलबार बेलुकाबाट मतदान शुरु हुने भएको हो। अमेरिकाको स्थानीय समयअनुसार मङ्गलबार बिहान स्थानअनुसार ६ बजेदेखि ८ बजेसम्ममा मतदान शुरु भएको छ। प्रत्यक्ष मतदान मङ्गलबार हुने भए पनि सोमबारसम्म अन्य माध्यमबाट झण्डै सात करोड अमेरिकी नागरिकले मतदान गरिसकेको अधिकारीहरूले जनाएका छन्।

चुनावको एक दिन बाँकी छँदा ६.९५ करोड अमेरिकीले हुलाकमार्फत् अथवा पहिल्यै मतदान गर्न पाउने व्यवस्थाअन्तर्गत मत दिइसकेको अधिकारीहरूले जनाएका छन्। अमेरिकामा हरेक निर्वाचनमा हुलाकमार्फत लाखौँ मतदाताले मतदान गर्दछन्। सन् २०१६ को राष्ट्रपतीय निर्वाचनमा तीन करोड ३० लाख अमेरिकीले हुलाकमार्फत् मतदान गरेकोमा यस पटक कोरोनाभाइरस महामारीलाई लिएर आठ करोड २० लाख मानिसलाई हुलाकमार्फत् मतदान गर्न आग्रह गरिएको थियो।

राष्ट्रपतिका लागि बर्तमान राष्ट्रपति तथा रिपब्लीकनका तर्फबाट उम्मेदवार बन्नुभएका डोनाल्ड ट्रम्प र पूर्वउपराष्ट्रपति तथा डेमोक्रेटिक पार्टीका तर्फबाट उम्मेदबार बन्नुभएका जो वाइडेनका बीचमा कडा प्रतिस्पर्धा बताइएको छ। प्रतिस्पर्धीमध्ये ट्रम्प ७४ वर्ष र वाइडेन ७८ वर्षका भएकाले अमेरिकाको जिम्मेवारी बुढा नेतालाई नै पर्ने भएको छ।

वाइडेनले निकै सर रूपमा चुनावी अभियान चलाउँदै ट्रम्पको कार्यकालमा भएका गल्ती र कोरोना भाइरस रोकथाम र नियन्त्रणमा भएका कमजोरीलाई आफ्नो प्रमुख मुद्दा बनाउनुभएको छ भने ट्रम्प आफूमाथि लागेको आरोपको प्रतिवाद गर्दै आक्रामक रूपमा प्रस्तुत हुनुभएको थियो। चुनावी सर्वेक्षणहरूमा डेमोक्रेटिक पार्टीका उम्मेदवार वाइडेनलाई नै अगाडि देखाइएको छ भने ट्रम्पप्रति धेरैको असन्तुष्टि रहेको र भरोसा टुटेको दावी गरिएको छ। अमेरिकी राष्ट्रपतिको काम कार्बाहीबाट अमेरिका र विदेशमा रहेका धेरै मानिसको जीवनमा प्रत्यक्ष असर पर्ने भएकाले यस निर्वाचनलाई महत्वका साथ हेर्ने गरिन्छ।

अमेरिकामा रिपब्लिकनहरूलाई परम्परावादी र डेमोक्रयाटहरूलाई उदारवादी धारको रुपमा लिने गरिन्छ। अमेरिकामा कुल ५३८ वटा इलेक्ट्रोरल कलेज मतमध्ये जुन उम्मेदवारले २७० भन्दा बढी मत प्राप्त गर्न सक्छ उसैलाई विजयी भएको मानिन्छ। सामान्य मतदाताले राज्यस्तरीय प्रतिस्पर्धाका लागि मतदान गर्ने गर्छन् र उनीहरूले छानेको व्यक्तिले राष्ट्रपति चयन गर्नेछन्।

यही व्यवस्थाका कारण कतिपय बेला देशव्यापी रूपमा सबैभन्दा धेरै मत ल्याउने उम्मेदवार पनि इलेक्ट्रोरल कलेजमा थोरै मत प्राप्त भएर पराजित हुने गरेका छन्। सन् २०१६ को राष्ट्रपतीय निर्वाचनमा पनि मतदानमा हिलरी क्लिन्टनले धेरै मत पाएपनि इलेक्ट्रोरल कलेजको मत डोनल्ड ट्रम्पले धेरै पाएर उहाँ राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो। त्यसैगरी त्यति बेला अधिकांश सर्वेक्षण र सञ्चार माध्यमहरूले हिलारी विजयी हुने प्रक्षेपण गरेका थिए। अमेरिकामा हरेक चार चार बर्षको नोभेम्बरमा निर्वाचन हुने गर्दछ। त्यस निर्वाचनबाट निर्वाचित नयाँ राष्ट्रपतिले औपचारिक रूपमा जनवरीमा २० तारिखमा शपथ ग्रहण गर्दै ह्वाईट हाउस प्रवेश गर्ने परम्परा रहेको छ।

### विश्वभरि तीन करोड ४० लाख मानिस कोरोना संक्रमणमुक्त

पेरिस, १८ कात्तिक (रासस/एपी)।

कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भइसकेकाहरूको सङ्ख्या विश्वभरि तीन करोड ४० लाखभन्दा बढी पुगेको छ। विभिन्न निकायहरूले सार्वजनिक गरेको विवरण अनुसार मंगलबारसम्ममा विश्वभरी तीन करोड ४० लाख ६० हजार २४१ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भइसकेका हुन् तर कोरोनाभाइरसबाट सङ्क्रमित भएर मृत्यु भएकाहरूको सङ्ख्या भने १२ लाख १२ हजार ११६ पुगेको अधिकारीहरूले जनाएका छन्।

विश्वभरि अहिलेसम्म कोरोनाभाइरसबाट कुल चार करोड ७३ लाख ६३ हजार ९८५ जना सङ्क्रमित भएका छन्। कुल सङ्क्रमितमध्ये एक करोड २० लाख ९१ हजार ६२८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन्। अहिले पनि सङ्क्रमित अवस्थामै रहेकामध्ये झण्डै ९९ प्रतिशत अर्थात् एक करोड २० लाख चार हजार ९५७ जना मध्यम अवस्थामा रहेका छन् भने झण्डै एक प्रतिशत अर्थात ८६ हजार ६१७ जनाको अवस्था गम्भीर रहेको छ।

सङ्क्रमित र मृतकहरूको सङ्ख्याका आधारमा हेर्दा अमेरिका सवैभन्दा बढी प्रभावित देखिएको छ। अमेरिकामा अहिलेसम्म कूल ९५ लाख ६७ हजार ५४३ जना सङ्क्रमित हुँदा कूल दुइ लाख ३६ हजार ९९७ जनाको मृत्यु भएको छ। त्यसैगरी दोस्रो धेरै प्रभावित भएको भारतमा अहिलेसम्म कुल ८२ लाख ६७ हजार ६२३ जना सङ्क्रमित भएका छन् भने एक लाख २३ हजार २३९ जनाको मृत्यु भएको छ।

तेस्रो धेरै मानवीय क्षति भएको ब्राजिलमा अहिलेसम्म एक लाख ६० हजार २७२ जनाको कोरोनाभाइरसकै कारण मृत्यु भएको छ। ब्राजिलमा अहिलेसम्म ५५ लाख ५४ हजार २०६ जना सङ्क्रमित भएका छन्। कोरोनाभाइरसबाट रुसमा अहिलेसम्म १६ लाख ७३ हजार ६८६ जना सङ्क्रमित भएका छन् भने २८ हजार ८२८ जनाको मृत्यु भएको छ। कोरोनाभाइरसबाट प्रभावित भएका मुलुकहरू मध्ये रुस चौथो अग्रपंक्तिमा पर्दछ।

पाँचौं अग्रपंक्तिमा रहेको फ्रान्समा अहिलेसम्म कोरोनाभाइरसका कारण ३७ हजार ४३५ जनाको मृत्यु भएको छ। फ्रान्समा कोरोनाबाट अहिलेसम्म १४ लाख ६६ हजार ४३३ जना सङ्क्रमित भएका छन्। त्यसैगरी स्पेन, अर्जेन्टिना, कोलम्बिया, बेलायत र मेक्सीको कोरोनाभाइरसबाट प्रभावित अग्र १० देशमा रहेका छन्।

# ठूलो परिमाणमा लागुऔषधसहित एक पक्राउ

सर्लाही, १८ कात्तिक (रासस)।

सर्लाही जिल्लाको ब्रह्मपुरी गाउँपालिका-४ त्रिभुवननगरबाट सशस्त्र प्रहरीले ठूलो मरिमाणमा लागु औषधसहित एक जनालाई पक्राउ गरेको छ। ब्रम्हपुरी-४ त्रिभुवननगर दशगजा क्षेत्र शेखटोल नाकाबाट २०१ बोतल लागुऔषधसहित सोमबार करिब ४ बजे एक जनालाई नियन्त्रणमा लिएको बोर्डर आउटपोष्ट (बिओपी)का प्रमुख तथा सशस्त्र प्रहरी निरीक्षक सञ्जितकुमार सिंहले जानकारी दिनुभयो।

कफक्युर-डिसी १०० मिलीका ११ बोतल, विनसिरेक्स १०० मिलीका १४० बोतल, रेप्लिन १०० मिलीका ५० बोतल र नाइट्राभेट-१० ट्याब लेखिएका सात पत्तासहित सर्लाहीको हरिवन नगरपालिका-११ का अन्दाजी वर्ष १६ का अजय गिरी पक्राउ परेका सशस्त्र प्रहरी निरीक्षक सिंहले बताउनुभयो।

भारतबाट लुकाइछिपाई नेपाल ल्याउँदै गरेको अवस्थामा गस्तीमा रहेको सशस्त्र प्रहरीको टोलीले सो परिमाणमा लागुऔषध बरामद गरेको हो। नेपाली बजारमा बिक्री वितरण तथा प्रयोगमा प्रतिबन्ध रहेको लागुऔषध पछिल्लो समय नेपाल-भारत खुला सिमानाको कारण नेपाली बजारमा प्रशस्त पाइने गरेको छ।

## हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

स्व. गुलाबदेवी यादव

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्ध भएको छ। दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

**शम्भुनन्द चौधरी**
**अध्यक्ष**
**गैसस महासंघ नेपाल, सप्तरी**

## हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

स्व. गुलाबदेवी यादव

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्ध भएको छ। दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

**अमरनाथ मण्डल**
**केन्द्रिय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

# कोरोना संक्रमणबाट मुक्त भएका कैदीबन्दीलाई सरसफाई सामाग्रि प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक।**

कारागार कार्यालय सप्तरीका कोरोना संक्रमणबाट मुक्त भएका कैदीबन्दीहरुलाई मंगलबार सरसफाई सामाग्रिहरु प्रदान गरिएको छ।

प्रदेश २ कार्यालय यूनिसेफको सहयोग तथा एनसिभी नेपाल र सप्तरी सामुदायिक विकास केन्द्र नेपालको सहजिकरणमा सो सामाग्रि प्रदान गरिएको हो।

कारागार कार्यालयमा आयोजित सामाग्रि प्रदान कार्यक्रममा सप्तरी सामुदायिक विकास केन्द्र नेपालका अध्यक्ष शम्भुनन्द चौधरीले कारागारमा रहेका कैदीबन्दीहरू मध्ये कोरोना संक्रमित भएका १ सय ४ जना कैदीहरूलाई सरसफाई समाग्री वितरण गरेको जानकारी दिएका छन्। हाल सबै कैदीबन्दीहरु कोरोना मुक्त भइसकेका छन्।

बितरण गरिएको सामाग्रिहरुमा तौलिया, टुटपेष्ट, ब्रस, नुहाउने साबुन, कपडा धुने साबुन, काइयो तथा महिलाहरुका लागि सेनिटरी प्याड रहेको अध्यक्ष चौधरीले जानकारी दिए।

सो अवसरमा कारागार प्रमुख संजय कुमार राम, प्रहरी निरिक्षक कुशराम कार्की, पत्रकार धिरेन्द्र प्रसाद साह, अमरनाथ मण्डल, नविनकुमार गुप्ता, संजिव बिक्रम साह, संस्थाका कर्मचारी लगायतका उपस्थिति रहेको थियो।

यता एक सय २५ कैदीबन्दी राख्ने क्षमता रहेको सो कारागारमा क्षमता भन्दा झण्डै तेब्बर ३ सय ५५ जना कैदीबन्दी रहेका छन्। जसमध्ये १६ जना महिला कैदीबन्दीसहित एक बालक पनि छन्। सोही कारागारमा २ महिला र १४ पुरुष गरि १६ जना भारतीय कैदीबन्दी समेत रहेको कारागार प्रमुख संजयकुमार रामले जानकारी दिए।

# बलात्कारका आरोपी वडासचिव कारागार चलान

महोत्तरी, १८ कात्तिक (रासस)।

बलात्कारको आरोप लागेका महोत्तरीको भङ्गाहा नगरपालिका-९ का वडासचिव मिथिलेश यादव पुर्पक्ष थुनामा कारागार चलान भएका छन्। सोमबार महोत्तरी जिल्ला अदालतमा भएको प्रारम्भिक सुनवाइमा न्यायाधीश दुर्गा गुरुङको आदेशले यादवलाई पूर्पक्ष थुनामा राख्न कारागार पठाइएको हो।

भङ्गाहा-९ कै बासिन्दा वडासचिव यादव आफ्नै वडा बस्तीकी एक महिलालाई बलात्कार गरेको आरोपमा गत असोज १४ गते पक्राउ परेका थिए। सो दिन भट्टीमा मदिरा खाएर मातेका यादव घर जाँदै गर्दा बाटोमा भेटिएकी आफ्नै वडा बस्तीकी महिलामाथि जाइलागेर बलात्कार गरेको उनीमाथि आरोप छ। जिल्ला प्रहरी कार्यालयले दर्ता गरेको जबर्जस्ती करणी मुद्दाको सुनवाइमा अदालतले पुर्पक्ष थुनाको आदेश गरेको हो। यादवलाई सोमबार साँझ नै महोत्तरी कारागार चलान गरिएको हो।

जिल्लामा जारी चालु आर्थिक वर्ष २०७७/७८ मा यस प्रकृतिका घटना ह्वात्तै बढेका छन्। चालु आवको प्रथम चौमासिक अवधिमै हालसम्म २१ वटा जबर्जस्ती करणी र तीन करणी उद्योगसहित २४ वटा घटना दर्ता भएका जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

यो सङ्ख्या गत आव २०७६/७७ को तुलनामा निकै बढी हो। गत आवको पूरै अवधिमा १६ जबर्जस्ती करणी र सात करणी उद्योगका घटना दर्ता थिए। यसपालि कोभिड-१९ सङ्क्रमण सन्त्रास छाएको समयमा आम मानिसका बाह्य गतिविधि घट्दा यस प्रकृतिका आपराधिक घटना भने बढेका जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्ट बताउनुहुन्छ।

### *सप्तरीमा थप...*

अनुसार जिल्लाको हनुमाननगर कंकालीनी नगरपालिका ३ का ५८ वर्षीय पुरुषको मृत्यु भएको हो। उनी शिक्षण पेशामा थिए।

मोरङ्ग जिल्लामा शिक्षण पेशामा कार्यरत उनी लामो समयदेखि मदुमेह र रक्तचापबाट पीडित थिए। उनलाई ज्वरो तथा टाउको दुखेपछि विराटनगरस्थित बिराट शिक्षण अस्पतालमा भर्ना गरिएको थियो। सो क्रममा कोरोना परिक्षण गराउदा उनको रिपोर्ट पोजेटिभ आएपछि सोही अस्पतालमा उपचार भइरहेको थियो। उपचारकै क्रममा उनको मंगलबार मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले जानकारी दिए।

यस्तै धरानस्थित बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत रेडियोग्राफर सप्तरी निवासी ३० वर्षीय पुरुषको समेत कोरोना संक्रमणबाट सोमबार राती मृत्यु भएको छ।

जिल्लाको महादेवा गाउँपालिका वडा नं. ६ निवासी उक्त पुरुषको सोमबार साँझ मृत्यु भएको स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए।

बी.पी कोइराला स्वास्थ्य बिज्ञान प्रतिस्ठानमा कार्यरत रहेको उनलाई स्वास्थ्यमा समस्या देखिएपछि तत्कालै आकस्मिक कक्षमा भर्नासँगै कोरोना परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको थियो।

सोही अस्पतालको कोभिड कक्षमा थप उपचारको लागि व्यवस्था गर्दै गर्दा उनको मृत्यु भएको हो जनाइएको छ। मृतक दुबैको सरकारले तोकेको मापदण्ड अनुसार शव व्यवस्थापन गरिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np